# २०८१ सालको नगर कार्यपालिका बैठक

आज मिति २०८१/०६/०६ गते यस राजपुर नगरपालिका, राजपुर, रौतहटका नगर प्रमुख श्री डा.मो.राजीक आलम ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसार प्रस्तावमाथि छलफल गरी निर्णय समेत गरियो ।

## उपस्थिति

श्री डा.मो.राजीक आलम - नगर प्रमुख राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री जमिला असगरी - उप प्रमुख राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री शेख अमिरुल्लाह - १ नं वडा अध्यक्ष राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री सोनालाल पंडित - २ नं. वडा अध्यक्ष राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री शेख हसिन अख्तर - ३ नं. वडा अध्यक्ष राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री शेख अन्सारुल हक - ४ नं. वडा अध्यक्ष राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री कृष्णनन्दन राम - ५ नं. वडा अध्यक्ष राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री रहिमा खातुन - ६ नं. वडा का.वा.अध्यक्ष राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री इन्ताज हुसेन - ७ नं. वडा अध्यक्ष राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री शेख सोयब - ८ नं. वडा अध्यक्ष राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री शे. नसरुल - ९ नं. वडा अध्यक्ष राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री शिउ साह कानु - कार्यपालिका सदस्य वडा नं. ५

श्री शिव बैठा धोवी - कार्यपालिका सदस्य वडा नं. ९

श्री मनोज कुमार - कार्यपालिका सदस्य वडा नं. ५

श्री रामकली देवी - कार्यपालिका सदस्य वडा नं. ५

श्री सरस्वती देवी - कार्यपालिका सदस्य वडा नं. १

श्री शान्ति देवी चमईन - कार्यपालिका सदस्य वडा नं. २

श्री सुमारी देवी - कार्यपालिकासदस्य वडा नं. २

श्री सदरुन नेसा - कार्यपालिका सदस्य वडा नं. ३

श्री खुर्सेद आलम - नि. प्रमुख प्रशासकीय अधिकृत राजपुर नगरपालिका, राजपुर, रौतहट

CamScanner

(१) यस राजपुर नगरपालिका अन्तर्गत मिति २०८१/०६/०२ गते हैजा (डाइरीया) बिरामीहरुको चाँप बढिरहेकोले नियन्त्रण गर्न अप्ठयारो हुदै आएको हुँदा अरु व्यक्ति वा अरु ठाउँमा सर्न सक्ने अवस्थालाई मध्यनजर गर्दै नियन्त्रण नभएसम्म हैजा (डाइरिया) फैल्नबाट रोक्नका लागि वडा नं.४ जोबैर चौकदेखि मदनी चौक, शेख अब्दुल्लाहको खलिहान देखि डा.नुरुल होदाको घरसम्मको वरिपरिको घरधुरी एरियालाई सिल गर्न प्रमुख जिल्ला अधिकारी तथा जिल्ला सुरक्षा समिति रौतहटलाई आग्रह गर्न निर्णय गरियो ।

(२) यस राजपुर नगरपालिका अन्तर्गत मिति २०८१/०६/०२ गते हैजा (डाइरीया) बिरामीहरुको चाँप बढ्दै गईरहेकोमा यस राजपुर नगरपालिकाको श्रोत साधन समेत परिचालन तथा आवश्यकता अनुसार सामाग्री खरिद गरी बिरामीहरुको चेकजाँच उपचार कार्य भईरहेको र थप उपचार नियन्त्रणका लागि अन्य आवश्यक सहयोगको आवश्यकता देखिएकोले संघीय सरकार, प्रादेशिक सरकार तथा दातृ निकाय र सहयोगी निकायहरुलाई सहयोगको लागि आग्रह सहित अपिल गर्न निर्णय गरियो ।

CamScanner